वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४५ अंक ५५ २०८३ असार ०२ गते मंगलबार, नेपाल सम्वत् ११४६ June 16, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-




# गण्डकीको ३३ अर्बको बजेट : उत्पादन, पर्यटन र पूर्वाधारमार्फत समुन्नतिको सपना

## कृषि, पर्यटन, सूचना प्रविधि र सडकमा ठूलो लगानी; कार्यान्वयन चुनौती अझै कायमै

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि सार्वजनिक गरेको ३२ अर्ब ९९ करोड ९९ लाख रूपैयाँको बजेट केवल आय–व्ययको हिसाबकिताब मात्र होइन, प्रदेशको आर्थिक तथा सामाजिक रूपान्तरणको मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ। 'समुन्नत गण्डकी: उत्पादन, उद्यमशीलता र सुशासनमार्फत समुन्नति' भन्ने मूल नारासहित ल्याइएको बजेटले कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, सूचना प्रविधि तथा सुशासनलाई विकासका प्रमुख आधारस्तम्भ बनाएको छ ।

आर्थिक मामिला मन्त्री जितबहादुर शेरचनले सोमबार प्रदेश सभामा बजेट प्रस्तुत गर्दै गण्डकीलाई उत्पादनमुखी, लगानीमैत्री र आत्मनिर्भर प्रदेशका रूपमा विकास गर्ने लक्ष्य राखिएको बताएका छन् । बजेटले निजी क्षेत्रलाई विकास साझेदारका रूपमा स्वीकार गर्दै लगानी, नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक समृद्धिको प्रमुख माध्यम बनाउने नीति लिएको छ।

**आशावादी आर्थिक चित्र**

गण्डकी प्रदेशले आगामी वर्षको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा माथि रहने अपेक्षा गरेको छ । चालु आर्थिक वर्षमा राष्ट्रिय अर्थतन्त्र ३.६८ प्रतिशतले विस्तार हुने अनुमान गरिँदा गण्डकीको अर्थतन्त्र ४.८३ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरिएको छ । प्रदेशको प्रतिव्यक्ति आय १ हजार ६५१ अमेरिकी डलर पुग्ने अनुमान छ, जुन राष्ट्रिय औसत १ हजार ५३५ डलरभन्दा बढी हो ।

यसले गण्डकी प्रदेशको आर्थिक आधार अन्य प्रदेशको तुलनामा तुलनात्मक रूपमा बलियो रहेको संकेत गर्छ । प्राकृतिक स्रोत, पर्यटन सम्भावना, कृषि उत्पादन र मानव संसाधनका कारण प्रदेशले उच्च आर्थिक वृद्धिको सम्भावना देखेको छ । तर, बजेटले आफैँ स्वीकार गरेको छ कि राजस्वको सीमित आधार, संघीय अनुदानमा निर्भरता, औद्योगिकीकरणको सुस्त गति र युवाको विदेश पलायन प्रदेशका प्रमुख चुनौती हुन् ।

### बजेटका आधारमा प्रमुख प्राथमिकताका क्षेत्र

| क्षेत्र | विनियोजित बजेट |
|---|---|
| भौतिक पूर्वाधार तथा यातायात | ११ अर्ब ९६ करोड रूपैयाँ |
| ऊर्जा, जलस्रोत तथा खानेपानी | ४ अर्ब ७७ करोड रूपैयाँ |
| स्वास्थ्य | ३ अर्ब ३१ करोड रूपैयाँ |
| सामाजिक विकास, युवा तथा खेलकुद | २ अर्ब १६ करोड रूपैयाँ |
| कृषि तथा पशुपन्छी विकास | २ अर्ब रूपैयाँ |
| वन तथा वातावरण | १ अर्ब २१ करोड रूपैयाँ |

**कृषिलाई समृद्धिको आधार बनाउने प्रयास**

यस्तै, गण्डकी सरकारले कृषिलाई 'गरिबी र बाध्यताको पेशा' बाट 'सम्मान र समृद्धिको आधार' मा रूपान्तरण गर्ने घोषणा गरेको छ। यही सोचअनुसार कृषि क्षेत्रमा उत्पादन, उत्पादकत्व र बजार व्यवस्थापनलाई प्राथमिकता दिइएको छ ।



प्रदेश सरकारले सार्वजनिक–निजी साझेदारीमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन, उत्पादनमा आधारित अनुदान, ग्रामीण पोषण सुरक्षा कार्यक्रम तथा पशु रोग नियन्त्रण अभियान सञ्चालन गर्ने भएको छ। खोरेत रोग नियन्त्रणका लागि १० स्थानीय तहलाई 'पूर्ण खोप स्थानीय तह' घोषणा गरिने कार्यक्रम पनि बजेटमा समेटिएको छ ।

युवालाई कृषिमा फर्काउने उद्देश्यले 'रिटर्न टु भिलेज' अभियान सञ्चालन गरिनेछ। कृषि ऋणमा ब्याज अनुदान, न्यूनतम समर्थन मूल्य कार्यान्वयन तथा व्यावसायिक कृषि प्रवर्द्धनका लागि चार करोड रूपैयाँ विनियोजन गरिएको छ।

पहाडी क्षेत्रमा फलफूल खेती विस्तार गर्ने महत्वाकांक्षी योजना अन्तर्गत २ हजार ५०० हेक्टर जमिनमा ओखर, मेकाडेमिया, किवी, स्याउ, सुन्तला र एभोकाडो खेती विस्तार गर्न ३० करोड रूपैयाँ छुट्याइएको छ । गण्डकी प्रदेशले कृषि क्षेत्रका लागि कुल दुई अर्ब रूपैयाँ बजेट विनियोजन गरेको छ ।

**पर्यटन : गण्डकीको आर्थिक इन्जिन**

गण्डकी प्रदेशको अर्थतन्त्रमा पर्यटन सबैभन्दा ठूलो सम्भावना बोकेको क्षेत्र हो। विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्ग, पोखरा, मुस्ताङ, मनाङ, मुक्तिनाथ, ढोरपाटन र देवघाटजस्ता गन्तव्यहरूलाई आधार बनाएर प्रदेश सरकारले पर्यटनलाई आर्थिक समृद्धिको मुख्य साधनका रूपमा अघि सारेको छ ।

'पहिला घरदेश, अनि परदेश' तथा 'लेक टु लेक' कार्यक्रमलाई निरन्तरता दिँदै पोखरालाई MICE (Meetings, Incentives, Conferences and Exhibitions), स्वास्थ्य, खेलकुद तथा साहसिक पर्यटनको अन्तर्राष्ट्रिय केन्द्र बनाउने लक्ष्य राखिएको छ ।

प्रदेश सरकारले आगामी पाँच वर्षभित्र अन्तर्राष्ट्रिय पर्यटक आगमन दोब्बर बनाउने महत्वाकांक्षी लक्ष्य सार्वजनिक गरेको छ। यसका लागि पर्यटन पूर्वाधार, प्रचार–प्रसार, सीमापार पर्यटन र हवाई पहुँच विस्तारमा विशेष लगानी गरिनेछ । धार्मिक पर्यटन प्रवर्द्धनका लागि दामोदर कुण्ड–मुक्तिनाथ–गलेश्वर–देवघाट जोड्ने धार्मिक पर्यटन परिपथ निर्माण गरिने भएको छ ।

**सूचना प्रविधि र एआईतर्फ प्रदेशको कदम**

यस वर्षको बजेटमा पहिलोपटक सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई), स्टार्टअप र नवप्रवर्तनलाई विशेष प्राथमिकता दिइएको छ। बजेटका उद्देश्यहरूमध्ये एक डिजिटल शासन र नवप्रवर्तनमार्फत प्रदेश अर्थतन्त्रलाई सुदृढ बनाउनु रहेको छ। पोखरामा सूचना प्रविधि पार्क निर्माण गर्ने घोषणा बजेटको उल्लेखनीय पक्ष हो। यसले आईटी क्षेत्रमा रोजगारी सिर्जना, स्टार्टअप प्रवर्द्धन तथा युवा जनशक्तिलाई स्वदेशमै अवसर उपलब्ध गराउने अपेक्षा

बाँकी तेश्रो पेजमा

# सामुदायिक वनलाई रूद्राक्ष पकेट क्षेत्र बनाइदै

**भञ्ज्याङ समाचारदाता/डुम्रे**

तनहुँको शुक्लागण्डकी नगरपालिका–१० स्थित मालागिरी सामुदायिक वन र करादिन सामुदायिक वनमा रूद्राक्ष पकेट क्षेत्र बनाइने भएको छ। अनुसन्धानको क्रममा रूद्राक्ष उत्पादनको लागि उपयुक्त वातावरण देखिएपछि यस स्थानका दुई सामुदायिक वनमा रूद्राक्ष रोपण गरिने भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

यहाँको दुई सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रको रूपमा विकास गर्दै रूद्राक्ष रोपण गर्न लागिएको प्रमुख डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी दिए । "ठूलो परिमाणमा तनहुँमा पहिलो पटक रूद्राक्ष रोपण गर्न लागिएको हो", उनले भने, "यस क्षेत्रको मागका साथै उत्पादन राम्रो हुने भएपछि पकेट क्षेत्रको रूपमा विकास गर्ने योजना बनाइएको छ।"



ती दुई सामुदायिक वनमा तीन हजार रूद्राक्षका बिरूवा रोपण गर्ने तयारी भइरहेको प्रमुख डिभिजन वन अधिकृत रानाभाटले बताए । उनले भने, "रूद्राक्षको पकेट क्षेत्रको रूपमा विकास गर्दै उक्त सामुदायिक वनलाई धार्मिक वन बनाउने लक्ष्य पनि हो। हिन्दु धार्मालम्वीका लागि महत्वपूर्ण र यसबाट सामुदायिक वनले आयस्तर बढाउन सक्ने अवस्था बन्नेछ ।"

जिल्लाका पहाडी भेगका सामुदायिक वनमा विगत केही वर्षयता परीक्षणका रूपमा रोपण गरिएको रूद्राक्ष सफल भएपछि योजनाबद्ध रूपमा विस्तारित गर्न लागिएको वन अधिकृत अरूण पराजुलीले बताए । उनले भने, "प्रारम्भिक चरणमा दुवै वनमा रूद्राक्ष खेती विस्तार गर्ने लक्ष्य लिइएको छ भने क्रमशः अन्य वन उपयोगकर्ता समूहमा समेत कार्यक्रम लैजान तयारी भइरहेको छ ।" पूर्वी पहाडी जिल्लाबाट बिरूवा ल्याएर यहाँको वनमा रोपण गरिने उनले जानकारी दिए ।

सामुदायिक वन उपभोक्ताका अनुसार रूद्राक्ष खेतीबाट वन संरक्षण र स्थानीय रूपमा आम्दानी दुवै बढ्ने अपेक्षा गरिएको डिभिजन वन कार्यालयले जनाएको छ। परम्परागत रूपमा दाउरा र घाँसमा निर्भर रहँदै आएको सामुदायिक वन व्यवस्थापनलाई अब आयमूलक वन उपज उत्पादनतर्फ मोड्न रूद्राक्ष सहायक बन्ने उपभोक्ताको अपेक्षा छ ।

रूद्राक्षको वृक्षले घना छायाँ र माटोको क्षय नियन्त्रणमा सहयोग

बाँकी तेश्रो पेजमा

# अवैध नदीजन्य पदार्थ ढुवानी गर्ने आठ सवारी साधन नियन्त्रणमा

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ प्रहरीले अवैध रूपमा प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ उत्खनन र ओसारपसारमा संलग्न सवारी साधनमाथि निगरानी तथा कारबाहीलाई तीव्रता दिएको छ ।



जिल्ला प्रहरी कार्यालय तनहुँ तथा मातहतका प्रहरी इकाइबाट खटिएको प्रहरी टोलीले जेठ २८ गतेदेखि असार १ गतेसम्म जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको विशेष अनुगमनका क्रममा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा ढुवानीमा संलग्न ८ वटा सवारी साधन नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार नियन्त्रणमा लिइएका सवारी साधनलाई आवश्यक कारबाहीका लागि सम्बन्धित स्थानीय तहमा पठाइएको थियो। स्थानीय तहले गरेको कारबाहीबाट ती सवारी साधनहरूबाट कुल रू एक लाख ३६ हजार जरिवाना असुल गरी छाडिएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिए ।

प्राकृतिक स्रोत–साधनको अनधिकृत उत्खनन तथा दोहन नियन्त्रणका लागि यस्ता निगरानी र कारबाहीका कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# गण्डकीको बजेट : घोषणाभन्दा कार्यान्वयन महत्त्वपूर्ण

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि करिब ३३ अर्ब रूपैयाँको बजेट सार्वजनिक गरेको छ। बजेटले कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, ऊर्जा, सूचना प्रविधि र सुशासनलाई प्राथमिकतामा राखेको छ । समग्र रूपमा हेर्दा यो बजेट उत्पादन वृद्धि, रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारतर्फ केन्द्रित देखिन्छ । प्रदेश सरकारले समृद्ध गण्डकी निर्माणको लक्ष्यसहित विभिन्न महत्वाकांक्षी कार्यक्रम अघि सारेको छ। तर बजेटको सफलता कागजमा गरिएका घोषणाले होइन, कार्यान्वयनको प्रभावकारिताले तय गर्नेछ । यस वर्षको बजेटमा सबैभन्दा बढी रकम भौतिक पूर्वाधार तथा यातायात क्षेत्रमा विनियोजन गरिएको छ । सडक, पुल र रणनीतिक करिडोर निर्माणलाई प्राथमिकतामा राखिएको छ। प्रदेशको आर्थिक विकासका लागि सडक सञ्जाल विस्तार आवश्यक विषय हो । अझै पनि धेरै ग्रामीण बस्ती गुणस्तरीय सडक पहुँचबाट वञ्चित छन् । कृषकले उत्पादन गरेको वस्तु बजारसम्म पुऱ्याउन, पर्यटकलाई गन्तव्यसम्म सहज पहुँच दिन तथा स्थानीय अर्थतन्त्र चलायमान बनाउन सडक पूर्वाधार अपरिहार्य छ । त्यसैले पूर्वाधारमा गरिएको लगानी सकारात्मक पक्ष हो । तर विगतमा सडक निर्माणमा गुणस्तरभन्दा परिमाणलाई बढी महत्त्व दिइएका उदाहरण पनि छन् । आगामी दिनमा सडक निर्माणसँगै गुणस्तर, दिगोपना र नियमित मर्मतसम्भारमा समेत ध्यान दिन आवश्यक छ ।

कृषि क्षेत्रलाई बजेटले विशेष प्राथमिकता दिएको देखिन्छ । कृषि तथा पशुपन्छी विकासका लागि दुई अर्ब रूपैयाँ विनियोजन गरिएको छ । उत्पादनमा आधारित अनुदान, कृषि ऋणमा ब्याज सहुलियत, युवालाई गाउँ फर्काउने 'रिटर्न टु भिलेज' कार्यक्रम तथा फलफूल खेती विस्तारका योजनाले कृषि क्षेत्रलाई व्यावसायिक बनाउने प्रयास गरेको छ। आज पनि गण्डकी प्रदेशका धेरै युवाहरू रोजगारीको खोजीमा विदेश जान बाध्य छन्। यदि कृषि क्षेत्रमा आधुनिक प्रविधि, बजारको सुनिश्चितता र लगानीको वातावरण बनाउन सकियो भने यसले युवालाई स्वदेशमै अवसर सिर्जना गर्न मद्दत पुग्न सक्छ। तर कृषिमा अनुदान वितरण मात्र पर्याप्त हुँदैन। किसानले उत्पादनको उचित मूल्य पाउने व्यवस्था, भण्डारण, प्रशोधन र बजारीकरणको प्रभावकारी प्रणाली निर्माण अझ महत्त्वपूर्ण विषय हो।

यस्तै, गण्डकी प्रदेशको आर्थिक आधारका रूपमा रहेको पर्यटन क्षेत्रलाई पनि बजेटले उच्च प्राथमिकतामा राखेको छ। पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्ने, धार्मिक पर्यटन परिपथ निर्माण गर्ने तथा पर्यटक आगमन दोब्बर बनाउने लक्ष्य महत्वाकांक्षी छ । प्राकृतिक सौन्दर्य, हिमाल, ताल, धार्मिक स्थल र सांस्कृतिक सम्पदाले भरिपूर्ण गण्डकीमा पर्यटनको सम्भावना अत्यन्त ठूलो छ । तर पर्यटन केवल प्रचारले मात्र बढ्दैन । पर्यटकमैत्री पूर्वाधार, गुणस्तरीय सेवा, सुरक्षित वातावरण र अन्तर्राष्ट्रिय स्तरको व्यवस्थापन आवश्यक हुन्छ । प्रदेश सरकारले घोषणा गरेका कार्यक्रम व्यवहारमा उतार्न सके पर्यटन वास्तवमै प्रदेशको समृद्धिको प्रमुख आधार बन्न सक्छ । यस वर्षको बजेटको अर्को सकारात्मक पक्ष सूचना प्रविधि र नवप्रवर्तनलाई दिइएको महत्त्व हो। पोखरामा सूचना प्रविधि पार्क निर्माण गर्ने घोषणा तथा डिजिटल शासनको अवधारणाले नयाँ पुस्तालाई आशावादी बनाएको छ । सूचना प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गर्ने सम्भावना दिनप्रतिदिन बढिरहेको छ। विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न प्रदेश सरकारले शिक्षा र प्रविधिबीचको सम्बन्धलाई अझ मजबुत बनाउनुपर्ने आवश्यकता छ ।


स्वास्थ्य र शिक्षाजस्ता आधारभूत क्षेत्रलाई पनि बजेटले समेटेको छ । अस्पतालमा उपकरण थप्ने, नसर्ने रोगको पहिचान गर्ने, मातृ तथा शिशु स्वास्थ्य सुधार गर्ने तथा विद्यालयमा डिजिटल र प्राविधिक शिक्षा विस्तार गर्ने कार्यक्रम स्वागतयोग्य छन् । यस्ता कार्यक्रमले प्रत्यक्ष रूपमा नागरिकको जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याउँछन्। विकासको वास्तविक मापन सडक र भवनले मात्र होइन, नागरिकको स्वास्थ्य, शिक्षा र जीवनको गुणस्तरले निर्धारण गर्छ । यद्यपि बजेटका सकारात्मक पक्षसँगै केही चुनौती पनि छन्। प्रदेश सरकार अझै पनि संघीय अनुदानमा ठूलो मात्रामा निर्भर छ। आन्तरिक राजस्व वृद्धि गर्न सकिएको छैन। अर्को महत्त्वपूर्ण विषय बजेट कार्यान्वयन क्षमता हो। हरेक वर्ष महत्वाकांक्षी योजना घोषणा गरिए पनि धेरै कार्यक्रम समयमै सम्पन्न हुन सकेका छैनन्। पूँजीगत खर्च न्यून रहने समस्या प्रदेश सरकारको पुरानो कमजोरी हो। यस वर्ष पनि त्यही अवस्था दोहोरिए बजेटका लक्ष्यहरू घोषणामै सीमित हुनेछन् । गण्डकी प्रदेशको बजेटले उत्पादन, पर्यटन, पूर्वाधार र प्रविधिलाई विकासका प्रमुख आधारका रूपमा प्रस्तुत गरेको छ । कार्यक्रमहरू हेर्दा बजेट आशावादी र सम्भावनामुखी देखिन्छ । तर जनताले अब नयाँ घोषणा होइन, परिणाम खोजिरहेका छन् । त्यसैले प्रदेश सरकारको प्रमुख जिम्मेवारी बजेटको प्रभावकारी कार्यान्वयन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु हो । घोषणा सफल हुन सक्छन्, तर विकासको वास्तविक मापन कार्यान्वयनबाट मात्र सम्भव हुन्छ। गण्डकी प्रदेशको समृद्धिको सपना पनि त्यही आधारमा पूरा हुनेछ।

# पोखराको सन्देश : भारतीय र चिनियाँ पर्यटक नै नेपालको पर्यटन लक्ष्य पूरा गर्ने आधार

पृथ्वीनारायण शाहको पालादेखि बनाइएको 'नेपाल दुई ढुंगाबीचको तरूल' भन्ने भाष्यलाई आ आफ्नो ढंगले व्याख्या गर्न सकिन्छ । कतिपय नेताले नेपाललाई गतिशील पुल भनेका छन् भने कतिपयले नेपाल दक्षिण एसियाको ब्रसेल्स बन्न सक्छ भन्छन् ।

जे भए पनि भारत र चीन आज अर्थतन्त्र,सामरिक सामर्थ्य,जनसंख्या र प्रभावका हिसाबले विश्वका दुई ठूला महाशक्ति हुन् । र, यी दुई ठूला राष्ट्रको बीचमा रहेको सानो हिमाली मुलुक नेपालले जे जति लाभ लिनुपर्ने हो लिन सकेको छैन । अबको बहस भारत र चीनको लागि पर्यटकीय गन्तव्य बनाउन राज्यले योजनाबद्ध र सु विचारित पहल लिनुपर्छ भनेर यो लेख तयार पारिएको हो ।

नेपाल सरकारले आगामी वर्षहरूमा वार्षिक ३० देखि ४० लाख विदेशी पर्यटक भित्र्याउने महत्त्वाकाङ्क्षी लक्ष्य सार्वजनिक गरेको छ। पर्यटन नेपालको प्रमुख विदेशी




मुद्रा आर्जन गर्ने क्षेत्र हो, रोजगारी सिर्जना गर्ने क्षेत्र हो, र देशको समग्र आर्थिक वृद्धिको महत्त्वपूर्ण आधार पनि हो। तर लक्ष्य घोषणा मात्र गरेर त्यो हासिल हुँदैन। लक्ष्यअनुसार पूर्वाधार, हवाई क्षमता, सीमा सहजीकरण, मुद्रा व्यवस्थापन, पर्यटकमैत्री नीति तथा अन्तर्राष्ट्रिय प्रचारप्रसार पनि आवश्यक हुन्छ।

आजको अवस्थामा हेर्दा नेपालले पर्यटक संख्या बढाउने लक्ष्य त लिएको छ, तर त्यसलाई प्राप्त गर्न आवश्यक कदम पर्याप्त रूपमा चालिएको देखिँदैन। यदि हामी साँच्चै ३०-४० लाख पर्यटक भित्र्याउन चाहन्छौँ भने केवल हवाई पर्यटनमा भर पर्न सकिँदैन। भारत र चीनबाट स्थल मार्गमार्फत आउने पर्यटकलाई रणनीतिक रूपमा आकर्षित गर्नुपर्ने हुन्छ।

**१. हवाई क्षमता विस्तार अपरिहार्य**

नेपालले विभिन्न देशसँग हवाई सेवा सम्झौता गरेको छ। तर सम्झौता भएर मात्र पुग्दैन, उडान सञ्चालन पनि हुनुपर्छ। थप विमान, लिजमा जहाज, नयाँ गन्तव्यमा नियमित उडान र अन्तर्राष्ट्रिय पहुँच विस्तार नगरी ठुलो पर्यटन लक्ष्य हासिल गर्न कठिन हुन्छ। हवाई क्षमताको विस्तार र हाम्रा विमानस्थलहरूको सञ्चालनमा दुवै देशको विश्वास पनि आवश्यक छ ।

**२. भारतीय पर्यटकको बदलिँदो स्वरूप**

भारतीय पर्यटक आज केवल धार्मिक यात्रु मात्र छैनन्। उनीहरु मोटरसाइकलमा आउने साहसिक पर्यटक, निजी गाडीमा परिवार वा साथीभाइसँग आउने पर्यटक, तथा धार्मिक यात्रामा आउने समूह गरी तीन प्रमुख वर्गमा विभाजित देखिन्छन्।

**३. आर्थिक योगदानमा ऐतिहासिक वृद्धि**

विगतमा स्थल मार्गबाट नेपाल आउने भारतीय पर्यटकको संख्या वार्षिक करिब १४ लाख रहेको अनुमान गरिन्थ्यो। त्यति बेला प्रतिव्यक्ति दैनिक खर्च करिब रू. ४,७०० अर्थात् ४६-४८ अमेरिकी डलरको हाराहारीमा रहेको मानिन्थ्यो।

आज परिस्थिति पूर्ण रूपमा बदलिएको छ। निजी गाडीमा आउने भारतीय पर्यटकले प्रतिव्यक्ति दैनिक १०० अमेरिकी डलरसम्म खर्च गर्ने गरेको पर्यटन व्यवसायीहरूको अनुभव छ। यसको अर्थ भारतीय पर्यटकको संख्या मात्र होइन, खर्च गर्ने क्षमता पनि उल्लेखनीय रूपमा बढेको छ।

हवाई मार्गबाट आउने पर्यटकको संख्या पनि उत्तिकै आकर्षक छ । हामीले भारतीय पर्यटक र तीर्थयात्रीको व्यवस्थापन र आतिथ्यमा योजनाबद्ध पहल गर्नुपर्छ । भारतीय पर्यटक नेपालको लागि पोटेन्सियल एसेट्स हुन् ।

**४. पोखराले दिएको संकेत**

हाल दैनिक एक हजारदेखि १५ सयसम्म भारतीय चार पाङ्ग्रे सवारी पोखरा पुग्ने गरेको अनुमान छ। प्रति गाडी औसत ६ जना यात्रु मान्दा मासिक १.८ लाखभन्दा बढी भारतीय पर्यटक पोखरा पुग्ने सम्भावना देखिन्छ। यही प्रवृत्ति जारी रहने हो भने निकट भविष्यमा स्थल मार्गबाट आउने भारतीय पर्यटकको संख्या २५ लाखसम्म पुग्न सक्ने सम्भावना छ ।

**५. ग्रीन पास प्रणाली**

भारतीय पर्यटकको मुख्य गुनासो बारम्बारको जाँच हो। सीमा नाकामा जाँच भइसकेपछि विभिन्न जिल्लामा पुनः रोक्ने अभ्यासले नकारात्मक अनुभव सिर्जना गरिरहेको छ। एक पटक जाँच गरी निश्चित अवधिको ग्रीन पास दिने र आवश्यक परेमा मात्र छड्के जाँच गर्ने व्यवस्था समयको आवश्यकता हो।

**६. धार्मिक पर्यटन व्यवस्थापन**

धार्मिक पर्यटकहरूले बाटोमा खाना पकाउने विषयलाई समस्या होइन, अवसरका रूपमा हेर्नुपर्छ। स्थानीय सरकार, आमा समूह, सहकारी तथा सामुदायिक संस्थाले खाना पकाउने स्थान, शौचालय, खानेपानी तथा फोहोर व्यवस्थापन सुविधा उपलब्ध गराएर आय आर्जन गर्न सक्छन्।

**७. क्याम्पिङ र पार्किङ**

पोखराजस्ता गन्तव्यमा आवास अभाव हुँदा केही पर्यटकले टेन्ट प्रयोग गर्छन्। व्यवस्थित क्याम्पिङ जोन र सुरक्षित पार्किङ क्षेत्र निर्माण गरी शुल्क लिन सकिन्छ। यसले स्थानीय तहको राजस्व बढाउँछ र पर्यटकलाई सुविधा दिन्छ।

**८. भारतीय मुद्रा सटही**

भारतीय १००, २०० र ५०० दरका नोट सहज रूपमा साट्ने व्यवस्था हुनुपर्छ। सहज सटही व्यवस्थाले पर्यटक, व्यवसायी र औपचारिक अर्थतन्त्र सबैलाई लाभ पुग्छ।

**९. चीनबाट सडक पर्यटन**

चीन विश्वको ठुलो पर्यटन बजार हो। चिनियाँ पर्यटकलाई आफ्नै सवारीसाधनमार्फत नेपाल भ्रमण गर्न सक्ने वातावरण बनाउनुपर्छ। सीमापार सडक पर्यटन, डिजिटल सेवा, पार्किङ र सूचना केन्द्र विकास गर्नुपर्छ।

**१०. प्रचारप्रसारको नयाँ रणनीति**

भारत र चीनका करोडौँ सम्भावित पर्यटकलाई लक्षित गरी नेपालले आफूलाई सुरक्षित, पहुँचयोग्य र विविध पर्यटन अनुभव भएको गन्तव्यका रूपमा प्रस्तुत गर्नुपर्छ।

**निष्कर्ष**

नेपालले ३०-४० लाख पर्यटकको लक्ष्य हासिल गर्ने हो भने घोषणाभन्दा बढी काम गर्नुपर्छ। हवाई क्षमता विस्तार, ग्रीन पास प्रणाली, मुद्रा सटही, धार्मिक पर्यटन व्यवस्थापन, क्याम्पिङ पूर्वाधार, भारत-चीन सडक पर्यटन नीति र प्रभावकारी प्रचार रणनीति आवश्यक छ। भारतीय र चिनियाँ पर्यटक चुनौती होइनन्, उनीहरु नेपालको आर्थिक समृद्धिका साझेदार हुन्। सही नीति र व्यवस्थापनमार्फत नेपालले पर्यटन क्षेत्रलाई आर्थिक रूपान्तरणको प्रमुख आधार बनाउन सक्छ। नेपालप्रेसबाट

(स्याङ्जा १ बाट निर्वाचित रास्वपा सांसद डा. रेग्मी नेपाल पर्यटन बोर्डका पूर्व सीइओ पनि हुन्)

## तपाईंको आज

**मेष**
नयाँ कामको थालनी गर्न उपयुक्त समय छ। वैदेशिक क्षेत्रसँग सम्बन्धित काममा सफलता मिल्ने संकेत छ।

**वृष**
परिवारसँग समय बिताउँदा मन प्रसन्न रहनेछ। स्वास्थ्यप्रति भने सचेत रहनु राम्रो हुन्छ।

**मिथुन**
अध्ययन-अनुसन्धानमा रूचि बढ्नेछ। सहकर्मीको सहयोगले काम सहज रूपमा सम्पन्न हुनेछ।

**कर्कट**
व्यापार-व्यवसायमा सामान्य लाभ हुनेछ। दाम्पत्य जीवनमा समझदारी आवश्यक देखिन्छ।

**सिंह**
सामाजिक मान-सम्मान प्राप्त हुन सक्छ। नयाँ व्यक्तिसँग चिनजान बढ्नेछ, जसले भविष्यमा लाभ दिन सक्छ।

**कन्या**
विद्यार्थीका लागि राम्रो समय छ। स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ, खानपानमा ध्यान दिनुहोस्।

**तुला**
साझेदारीको कामबाट फाइदा मिल्ने संकेत छ। कला तथा सिर्जनात्मक क्षेत्रमा सफलता मिल्नेछ।

**वृश्चिक**
अनावश्यक खर्च बढ्न सक्छ। परिवारमा सानो मतभेद हुन सक्छ, तर समझदारीले समाधान हुनेछ।

**धनु**
यात्रा तथा वैदेशिक कार्यमा प्रगति हुनेछ। धार्मिक तथा सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ।

**मकर**
व्यवसायमा लगानी गर्दा सोचविचार गर्नु पर्छ। पदोन्नतिको सम्भावना देखिन्छ।

**कुम्भ**
नयाँ सम्बन्ध स्थापित हुने दिन छ। लेखन कार्यमा सफलता मिल्नेछ। मित्रसँग भेटघाटले मन प्रसन्न रहनेछ।

**मीन**
आध्यात्मिक चिन्तनमा मन जानेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ। आर्थिक लाभका अवसर प्राप्त हुन सक्छन्।

# सामुदायिक वनलाई .......

गर्ने भएकाले सामुदायिक वन क्षेत्रको वातावरणीय सुधारमा समेत सकारात्मक प्रभाव पर्ने प्राविधिकले बताएका छन् । वन क्षेत्रभित्र नै रूद्राक्ष खेती विकास गर्न सकिने भएकाले जग्गा व्यवस्थापनमा चुनौती नरहने पराजुलीले बताए । प्रारम्भिक वर्षमा सिँचाइ, मल तथा संरक्षणमा ध्यान दिनुपर्ने वन डिभिजन कार्यालयले जनाएको छ।

स्थानीय तहले धार्मिक क्षेत्रमा रूद्राक्ष रोपण गर्दै आएपनि डिभिजन वन कार्यालयले पहिलो पटक ठूलो परिमाणमा रूद्राक्ष रोपणलाई प्राथमिकता दिएको छ । केही पालिकाले सामुदायिक वनमा नयाँ बिरूवा रोपिरहेका उपभोक्ता समूहलाई प्रोत्साहन, प्राविधिक तालिम र नर्सरी विकासका लागि तालिम दिने लक्ष्य रहेको कार्यालयले जनाएको छ ।

हिन्दू धर्ममा पवित्र मानिने रूद्राक्षलाई भगवान शिवको प्रतिकका रूपमा लिइन्छ । यसको धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न उपयोगिता रहेको विश्वास गरिन्छ । धार्मिक तथा आध्यात्मिक रूपमा माला बनाएर मन्त्र जप गर्न प्रयोग गरिन्छ। धार्मिक रूपमा मनलाई शान्त र एकाग्र बनाउन सहयोग गर्ने विश्वास छ । तनाव, चिन्ता र मानसिक अशान्ति कम गर्न मद्दत गर्ने विश्वास छ । आत्मविश्वास र सकारात्मक सोच बढाउन यसको उपयोगले सहयोग पुग्ने र स्मरण शक्ति सुधार गर्न प्रयोग गरिएको पाइन्छ ।

रक्तचाप (ब्लड प्रेसर) सन्तुलित राख्न सहयोग गर्ने परम्परागत विश्वास छ भने मुटुसम्बन्धी स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र शरीरमा ऊर्जा सन्तुलन कायम राख्न मद्दत गर्ने विश्वास गरिन्छ । सांस्कृतिक तथा आर्थिक रूपमा नेपालको विशेषगरी पूर्वी पहाडी क्षेत्रमा रूद्राक्षको उत्पादन हुने भएकाले यसको आर्थिक महत्व रहेको छ । रूद्राक्ष धार्मिक पर्यटन र व्यापारसँग पनि जोडिएको छ । विभिन्न मुखी (१ मुखीदेखि २१ मुखीसम्म) रूद्राक्षको बजार मूल्य फरक-फरक रहेको पाइन्छ । रासस

# प्रतिनिधिसभा : राष्ट्रियताका सवालमा विपक्षीबाट सरकारको जवाफ माग

**रासस/काठमाडौं**

प्रतिनिधिसभाको सोमबारको बैठकमा विपक्षी दलहरूले राष्ट्रियताको सवालमा नेपाल सरकार गम्भीर हुनुपर्ने विषयमा ध्यानाकर्षण गराएका छन् ।

बैठकको सुरूमै विपक्षी दलका सांसदहरु आफ्नो स्थानबाट उठेर विरोध गरेपछि सभामुख डोलप्रसाद अर्यालले नेकपा (एमाले)का संसदीय दलका उपनेता पद्मा अर्याललाई बोल्न समय दिनुभएको थियो ।

सांसद अर्यालले परराष्ट्रमन्त्री शिशिर खनालले भारत भ्रमणका क्रममा दिनुभएको अभिव्यक्तिका सन्दर्भमा जवाफ माग गर्नुभयो । नेता अर्यालले संसद्मा जवाफमा क्रममा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले दिनुभएको अभिव्यक्तिका सम्बन्धमा असन्तुष्टि व्यक्त गर्नुभयो ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले प्रधानमन्त्री शाहको गत जेठ १७ गते सीमाका सम्बन्धमा दिनुभएको अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउन माग गर्नुभयो। उहाँले एसइईका विद्यार्थीको मोबाइल पानीमा डुबाएर नष्ट गर्ने, टेम्पो भीरबाट खसाल्ने र प्रहरीले व्यक्तिको घरमा ढुङ्गा हानेर क्षति पुऱ्याउनेलगायतका काम गलत भएको भनी टिप्पणी गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रमुख सचेतक युवराज दुलालले भारतीय सेनाको हेलिकप्टर दार्चुलाको भूमिमा प्रवेश गरेको विषयमा सरकारको जवाफ माग गर्नुभयो । उहाँले इलामको प्रसिद्ध चिया उद्योग बन्द हुन लागेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका सांसद रेनुका काउँचाले गृहमन्त्री सुधन गुरूङको सम्पत्ति छानबिनसम्बन्धी समितिले तयार गरेको प्रतिवेदन सार्वजनिक हुनुपर्ने माग गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद भरत गिरीले नवलपरासीको सुस्तामा भारतीय सुरक्षाकर्मी एसएसबीको हस्तक्षेपप्रति विनावर्दीका सिपाही बनेर नेपाली नागरिकले देखाएको अदम्य साहसप्रति सम्मान गर्नुभयो । उहाँले सीमा क्षेत्रमा रहेका नेपालीहरूप्रति सरकार संवेदनशील हुनुपर्ने माग गर्नुभयो ।

# गण्डकीको ३३ अर्बको ......

गरिएको छ ।

**सडक र पूर्वाधारमा सबैभन्दा ठूलो लगानी**

प्रदेशको कुल बजेटमध्ये सबैभन्दा ठूलो हिस्सा भौतिक पूर्वाधार क्षेत्रमा परेको छ । सडक, पुल, यातायात र रणनीतिक करिडोर निर्माणका लागि ११ अर्ब ९६ करोड रूपैयाँ विनियोजन गरिएको छ।

कोरला-त्रिवेणी सडक, शालिग्राम करिडोर, सात ताल रिङरोड, ज्याग्दी करिडोर, दरवाङ करिडोर, बोराङखोला-विचौर सडक लगायतका रणनीतिक परियोजनालाई प्राथमिकतामा राखिएको छ। रणनीतिक महत्वका सडक तथा पुल निर्माणका लागि मात्रै पाँच अर्ब तीन करोड रूपैयाँ विनियोजन गरिएको छ । पोखरा-बुटवल द्रुत लोकमार्गको सम्भाव्यता अध्ययन गरिने घोषणा पनि बजेटको दीर्घकालीन महत्वको विषय बनेको छ।

**स्वास्थ्य र शिक्षामा गुणस्तर सुधारको लक्ष्य**

यस्तै, स्वास्थ्य क्षेत्रका लागि तीन अर्ब ३१ करोड रूपैयाँ बजेट छुट्याइएको छ । गोरखा र नवलपुरका अस्पतालमा सिटी स्क्यान सेवा विस्तार, एम्बुलेन्स खरिद, नसर्ने रोग पहिचान अभियान, मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम र जोखिममा परेका गर्भवती महिलाको हवाई उद्धारलाई निरन्तरता दिइएको छ।

शिक्षा क्षेत्रमा STEM Lab, डिजिटल शिक्षा, प्राविधिक शिक्षा तथा 'सिक्दै कमाउँदै-कमाउँदै सिक्दै' कार्यक्रमलाई निरन्तरता दिइएको छ। गण्डकी विश्वविद्यालय तथा गण्डकी प्राविधिक शिक्षालयका लागि २० करोड रूपैयाँ विनियोजन गरिएको छ।

**हरित विकास र वातावरण संरक्षण**

वन तथा वातावरण क्षेत्रमा एक अर्ब २१ करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ। 'एक सामुदायिक वन : एक पोखरी' कार्यक्रम, वन डढेलो नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ ।

**सुशासन र डिजिटल सरकार**

प्रदेश सरकारले सार्वजनिक प्रशासनलाई पूर्ण डिजिटल बनाउने नीति लिएको छ । राजस्व संकलनदेखि सेवा प्रवाहसम्म सबै क्षेत्रमा अनलाइन प्रणाली विस्तार गर्ने भएको छ भने, पत्रकारिता तथा सञ्चार क्षेत्रको क्षमता विकास, खोजमूलक पत्रकारिता प्रवर्द्धन र सञ्चारमाध्यमको डिजिटलीकरणलाई समेत बजेटले सम्बोधन गरेको छ ।

**बजेटको वास्तविक परीक्षा : कार्यान्वयन**

गण्डकी प्रदेशको बजेट महत्वाकांक्षी छ । कृषि, पर्यटन, सूचना प्रविधि र पूर्वाधारमा केन्द्रित लगानीले प्रदेशको दीर्घकालीन विकासको आधार निर्माण गर्न सक्छ। तर विगतका वर्षहरूमा बजेट कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको तथ्य बजेट वक्तव्यले नै स्वीकार गरेको छ । चालु आर्थिक वर्षको पहिलो आठ महिनामा कुल बजेटको केवल २३.५६ प्रतिशत खर्च भएको अवस्था उल्लेख गरिएको छ ।

त्यसैले गण्डकीको समृद्धिको सपना बजेट घोषणामा मात्र सीमित हुन्छ कि व्यवहारमा रूपान्तरण हुन्छ भन्ने कुरा आगामी वर्षको कार्यान्वयन क्षमताले निर्धारण गर्नेछ। उत्पादन, रोजगारी र सुशासनलाई केन्द्रमा राखिएको यो बजेट सफल कार्यान्वयन हुन सके गण्डकी प्रदेशलाई आर्थिक रूपान्तरणको नयाँ चरणमा प्रवेश गराउन सक्ने आधार भने अवश्य बनेको छ ।

**विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असार ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**चैत्र ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

# बन्दीपुर अस्पताल

बन्दीपुर गाउँपालिका-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशन मिति: २०८३/०२/२४)**
**(दोश्रो पटक प्रकाशन मिति: २०८३/०३/०२)**

बन्दीपुर गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पताल खर्च केन्द्रको आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत "केमिकल तथा सम्बन्धित सामाग्रीहरू" खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ४०, सार्वजनिक खरिद (दोश्रो संसोधन) अध्यादेश २०८३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक सम्बन्धित सबैका लागि यो दोश्रो पटकको सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र. सं. | ठेक्का नं | सूचना नं | योजना/कार्यक्रमको नाम | दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्रको बैंक ग्यारेन्टी वा जमानत रकम | दरभाउपत्र बुझाउने अन्तिम मिति | कै |
|---|---|---|---|---|---|---|---|
| १. | BH/SQ/Lab Chemicals and related/Goods/ 03-2082-083 | सूचना नं: ५५-२०८२/०८३ | केमिकल तथा केमिकल जन्य सामाग्री खरिद | रु.१,०००/- | रु.९०,०००/- (बैंक ग्यारेन्टी ७५ दिन म्याद भएको हुनुपर्ने) | २०८३/०३/०८ गते बेलुकी ५:०० बजेसम्म | |

**नोट :**

- विस्तृत सूचना बन्दीपुर अस्पतालको सूचना पार्टी तथा फेसबुक पेज एवं अस्पताल प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ ।
- थप जानकारी एवं समन्वयका लागि प्रशासन शाखा प्रमुख (९८५६०४२०६२) वा योजना शाखा प्रमुख (९८५६०६३५८१) संग सम्पर्क गर्नुहुन अनुरोध छ ।

**साथै, त्रुटी सच्याईएको:**

मिति २०८३/०२/२६ र मिति २०८३/०२/२९ गतेका सूचनाहरूमा लागत रकम उल्लेख गर्नुपर्नेमा विनियोजित रकम उल्लेख हुन गएको हुँदा सम्बन्धित सूचनाहरूको पूर्ण सूचनामा विवरणहरू सच्याईएको व्यहोरा जानकारी सहित अनुरोध गरिन्छ ।

**मेडिकल सुपरिटेण्डेन्ट (९८५६०६३३३१)**

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com



**माछा मार्न जाल हान्दै जलारी :** लमजुङको मध्यनेपाल नगरपालिका-६, ७, ८ र ९ को बीच भएर बेगेको मिदिम खोलामा माछा मार्नका लागि जाल हान्दै जलारी ।

*तस्बिर : देवेन्द्र गुरुङ/रासस*

# 'राउन्ड फेवा भ्यू ट्रेल' प्रति पर्यटकीय आकर्षण

**जमुना वर्षा शर्मा**/पोखरा

फेवातालको किनारैकिनार फैलिएको हरियाली रानीवन, विश्व शान्ति स्तूपको शान्त वातावरण तथा माछापुच्छ्रे सहित अन्नपूर्ण हिमश्रृंखलाको मनोरम दृश्यलाई एउटै पदयात्रामा अनुभूति गर्न सकिने 'राउन्ड फेवा भ्यू ट्रेल' पछिल्लो समय पोखराको नयाँ पर्यटकीय आकर्षणका रूपमा स्थापित हुँदै गएको छ ।

स्वदेशी तथा विदेशी पर्यटकको बढ्दो आकर्षणसँगै पर्यटन क्षेत्रका सरोकारवालाले यसलाई उत्कृष्ट 'वार्म-अप हाइकिङ ट्रेल'का रूपमा विकास गर्न सकिने बताएका छन् । पोखराको लेकसाइडबाट सुरु भई ड्यामसाइड, फेवातालपारिको रानीवन क्षेत्र, विश्व शान्ति स्तूप हुँदै पुनः लेकसाइड मै टुङ्गिने करिब १३ किलोमिटर लामो यो पदमार्ग प्राकृतिक सौन्दर्य, जैविक विविधता तथा हिमाली दृश्यावलोकनका दृष्टिले महत्वपूर्ण मानिएको छ । पछिल्ला वर्षमा छोटो समयमै ताल, हिमाल, जङ्गल र ग्रामीण परिवेशको अनुभव लिन सकिने भएकाले यो पदमार्ग पर्यटकमाझ लोकप्रिय बन्दै गएको हो ।

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्यले पोखरा आउने अधिकांश विदेशी पर्यटक हिमाली पदयात्रा तथा ट्रेकिङमा रूची राख्ने भएकाले राउन्ड फेवा भ्यू ट्रेललाई 'वार्म-अप हाइकिङ ट्रेल'का रूपमा विकास गर्न सकिने बताउनुभयो ।

उहाँका अनुसार तीनदेखि चार घण्टाको पदयात्रामा फेवाताल, माछापुच्छ्रे र अन्नपूर्ण हिमशृंखलाको दृश्यावलोकनका साथै चराचुरूङ्गी, वनस्पति र सुनाखरीको सौन्दर्यको आनन्द लिन सकिनेछ । "हिमाली पदयात्रामा जानुअघि छोटो दूरीको अभ्यास पदयात्रा आवश्यक हुन्छ", उहाँले भन्नुभयो, "यो पदमार्ग त्यही उद्देश्यका लागि उपयुक्त छ र पर्यटकलाई पोखराको प्राकृतिक तथा सांस्कृतिक विविधताको अनुभव दिलाउन सक्छ ।" हाल दैनिक १०० भन्दा बढी स्वदेशी तथा विदेशी पर्यटकले पदमार्ग प्रयोग गरिरहेको तथ्याङ्क छ । पदमार्गको लोकप्रियता बढ्दै गए पनि पूर्वाधार अभाव चुनौतीका रूपमा रहेको स्थानीयको भनाइ छ ।

त्यस क्षेत्रका केही काठे पुल जीर्ण बनेको ठाउँठाउँ रूख ढलिरहेको तथा सुरक्षाका लागि रेलिङ आवश्यक रहेको उहाँको पर्यटन व्यवसायी बताउँछन् । टान गण्डकीका पूर्वअध्यक्ष एवं पोखरा पर्यटन परिषदका प्रथम उपाध्यक्ष हरि भुजेलले पोखराको पर्यटन विविधिकरणमा यस्ता पदमार्गको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । उहाँले आफ्नो कार्यकालमा राउन्ड फेवा भ्यू ट्रेलको अवधारणा अघि सारिएको स्मरण गर्दै अहिले यसको संरक्षण र स्तरोन्नतिप्रति बढ्दो चासो देखिनु सकारात्मक भएको बताउनुभयो । "पोखरा केवल ताल र हिमालको दृश्य हेर्ने शहर मात्र होइन, पदयात्रा र प्रकृतिमा आधारित पर्यटनको पनि उत्कृष्ट गन्तव्य हो", उहाँले भन्नुभयो, "यो पदमार्गले छोटो समय भएका पर्यटकलाई समेत गुणस्तरीय अनुभव प्रदान गर्न सक्छ, यसलाई 'वार्म-अप हाइकिङ ट्रेल'रूपमा विकास गर्न सकिन्छ ।"

गण्डकी प्रदेश पर्यटन बोर्डका प्रमुख मणिराज लामिछानेले पर्यटनलाई वर्षभरि चलायमान बनाउन नयाँ पर्यटन उत्पादन आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार 'राउन्ड फेवा भ्यू ट्रेल' ले प्रकृतिमा आधारित 'सफ्ट एड्भेन्चर' पर्यटनको राम्रो सम्भावना बोकेको छ । फेवाताल, रानीवन र हिमालको दृश्यलाई जोड्ने यो पदमार्ग पोखराको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण उत्पादन बन्न सक्ने उहाँको विश्वास छ । उहाँले "वार्म-अप हाइकिङ ट्रेल" को अवधारणालाई यो पदमार्गमा जोडेर प्रचार प्रसार गर्न सके पर्यटन प्रवर्द्धन हुने बताउनुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरूङले पर्यटकको बसाइ अवधि लम्याउन र छोटो समयका लागि पोखरा आउने पर्यटकलाई प्रकृतिको अनुभव दिलाउन "वार्म अप ट्रेल"को रूपमा पदयात्रालाई विकास गर्न सकिने बताउनुभयो । उहाँले स्थानीय तह, समुदाय र सरोकारवाला संस्थाबीचको सहकार्यबाट पदमार्गलाई अझ व्यवस्थित र आकर्षक बनाउन सकिने बताउँदै पर्यटन प्रवर्द्धनसँगै पर्यटक सुरक्षाका लागि आवश्यक पूर्वाधार निर्माण र प्रभावकारी व्यवस्थापनमा जोड दिनुभयो । पोखरा महानगरपालिका-२२ का अध्यक्ष हिमलाल बरालले राउन्ड फेवा भ्यू ट्रेल तथा पुम्दीभुम्दी पदमार्गको स्तरोन्नतिका लागि पोखरा महानगरपालिका र एसियाली विकास बैंक (एडिबी) बीच भएको सम्झौताअनुसार विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो ।

उहाँका अनुसार जीर्ण पुलको पुनःनिर्माण, रेलिङ जडान, पदमार्ग मर्मत, सार्वजनिक शौचालय निर्माण, विश्रामस्थल विकास तथा दृश्यावलोकनका संरचना निर्माणलगायतका काम योजनामा समेटिएका छन् । ड्यामसाइडदेखि पुम्दीकोटसम्म केही पूर्वाधार निर्माण भइसकेको र बाँकी काम एडिबीको सहयोगमा अघि बढ्ने तयारी रहेको बताउँदै उहाँले भन्नुभयो, "डिपीआर तयार भएपछि आवश्यक बजेटको यकिन हुने र आगामी आर्थिक वर्षदेखि स्तरोन्नतिका काम सुरू हुने अपेक्षा गरिएको छ ।"

अध्यक्ष बरालले पदमार्गको विकासले स्थानीय व्यवसाय, होटल, कृषि उत्पादन तथा सामुदायिक आयआर्जनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो । पर्यटन व्यवसायीले संघीय, प्रदेश र स्थानीय सरकारलाई आवश्यक बजेट विनियोजन गरी पुल, रेलिङ तथा अन्य पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्न आग्रह गरेका छन् । उहाँहरूका अनुसार, 'राउन्ड फेवा भ्यू ट्रेल' पोखराको नयाँ पर्यटकीय पहिचानका रूपमा स्थापित गर्न सकिए विदेशी पर्यटकका लागि नेपाल प्रवेशपछिको उत्कृष्ट 'वार्म-अप हाइकिङ ट्रेल' बन्न सक्ने सम्भावना छ । रासस


## योग स्वस्थ जीवनको आधार

- तनाव व्यवस्थापनका लागि नियमित योग गरौं,
- योग अभ्यास गरी स्वस्थ जीवनशैली अपनाऔं,
- शारीरिक तथा मानसिक स्वास्थ्य सन्तुलन कायम राखौं,
- दैनिक जीवनमा सकारात्मक सोच र अनुशासन विकास गरौं,
- स्वस्थ खानपान र नियमित व्यायामलाई प्राथमिकता दिऔं,
- योगमार्फत रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरौं,
- सबै उमेर समूहलाई योग अभ्यासमा सहभागी बनाऔं,
- स्वस्थ समाज निर्माणका लागि योग संस्कृतिको प्रवर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




**dambar khatiwoda**
x.com/dambarkhatiwoda

आजबाट देशका ८६ चिया उद्योग बन्दा, कारण- भारतको गुणस्तर मापन नीति। बालेनको कसैलाई नभेट्ने नीति कति सफल ? अझ लामिछानेजीको स्वागत भयांकरै हो। शिशिर खनालजीको दौडाहाको त कुरै गर्न परेन। कुटनीति अनाडीले गुलेली खेलाएर मठ्याङग्रा नाशे जस्तो हैन मित्रहरू! कति राम्रो बनेछ त सम्बन्ध?



**Dr Achyut Wagle**
x.com/DrAchyutWagle

राजदूतका लागि ३ हजार योग्य उम्मेदवार, उपकुलपति हुन ३ सयको आवेदन । यो देश त विलक्षण योग्य प्रतिभाहरूको खानी नै रहेछ । देशको दुर्दशा सुधार्न सदुपयोग हुन नसकेको यत्रो बौद्धिक उर्जाको यस्ता जागिरका अवसर खुलेको अवस्थामाबहेक प्रयोग र उजागर चाहिँ कता भैरहेको थियो र छ होला ? प्रश्न के !



**Nilamber Acharya**
x.com/nilacharya

के भनौँ यो दुनिया यस्तै छ-
नराम्रो नसुनौँ भने पनि सुनिन्छ
नराम्रो नहेरौँ भने पनि देखिन्छ
आलोचना नगरौँ भने पनि गर्नुपर्ने हुन्छ।
तर समीक्षा र आलोचना नै त हो
जसले प्रगतिका ढोकाहरु बन्द हुन दिदैन।

# जनज्योति क्याम्पसमा स्नातक चौथो वर्षका विद्यार्थीको सम्मान

**भञ्ज्याङ समाचारदाता**/भिमाद

तनहुँको भिमादस्थित जनज्योति क्याम्पस मा स्नातक तह चौथो वर्ष (२०८२) का विद्यार्थीहरूको सम्मान तथा भावपूर्ण विदाई कार्यक्रम सम्पन्न भएको छ। प्रथम, द्वितीय, तृतीय वर्ष तथा चौथो वर्ष (२०८३) का विद्यार्थीहरूको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा बीबीएसकी विद्यार्थी सपना लम्साल सभाध्यक्ष रहनुभएको थियो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं गण्डकी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री जित प्रकाश आलेले विद्यार्थीहरूलाई सम्मान गर्दै शिक्षा नै व्यक्तिको वास्तविक शक्ति भएको उल्लेख गर्दै विद्यार्थीहरूलाई ज्ञान, सीप र नैतिकताको मार्गमा अघि बढ्न आग्रह गर्नुभयो। उहाँले क्याम्पसबाट प्राप्त शिक्षा र अनुभवलाई समाज तथा राष्ट्र निर्माणमा उपयोग गर्न सके मात्र शिक्षाको सार्थकता हुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष उमाकान्त श्रेष्ठ, क्याम्पस प्रमुख केशवराज काफ्ले, सहायक क्याम्पस प्रमुख शिवदत्त चापागाईं, शिक्षाशास्त्र विभाग प्रमुख हरिप्रसाद सुवेदी, व्यवस्थापन संकाय प्रमुख नारायण मरासेनी, प्राध्यापक, कर्मचारी तथा विद्यार्थी लगायतका वक्ताहरूले विदाई हुन लाग्नुभएका विद्यार्थीहरूको उज्ज्वल भविष्य, सफल करियर तथा समाजप्रतिको जिम्मेवार भूमिकाको कामना गर्दै शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा तृतीय वर्षकी विद्यार्थी सलिना थापाले अतिथि, प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूलाई स्वागत गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन बीएड चौथो वर्षकी विद्यार्थी अर्चना गैहे र बीबीएस चौथो वर्षका विद्यार्थी श्रीराम थापाले गर्नुभएको थियो।

कार्यक्रमको विशेष आकर्षण विदाई हुन लाग्नुभएका विद्यार्थीहरूको सम्मान रहेको थियो। क्याम्पस परिवारको तर्फबाट मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको थियो। चार वर्षसम्म एउटै शैक्षिक वातावरणमा अध्ययन, संघर्ष र सफलताका विभिन्न अनुभव सँगालेका विद्यार्थीहरु विदाईको क्षणमा भावुक बनेका थिए।



यसैबीच, विदाई हुन लाग्नुभएका विद्यार्थीहरूले पनि क्याम्पसप्रति कृतज्ञता व्यक्त गर्दै मायाको चिनो प्रदान गरेका थिए। साथै क्याम्पस सञ्चालक समिति, प्राध्यापक तथा कर्मचारीहरूलाई ढाकाको टोपी र दोसल्ला ओढाई सम्मान गरिएको थियो। यसले विद्यार्थी र क्याम्पसबीचको आत्मीय सम्बन्ध तथा पारस्परिक सम्मानलाई थप मजबुत बनाएको सहभागीहरूले बताएका छन्।

कार्यक्रममा विद्यार्थी जीवनका स्मरणीय क्षण, साथीभाइसँगका अनुभव तथा शिक्षकबाट प्राप्त ज्ञान र प्रेरणालाई जीवनभर आत्मसात् गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। सहभागीहरूले विदाई हुन लाग्नुभएका विद्यार्थीहरु सफल, जिम्मेवार र उदाहरणीय नागरिकका रूपमा स्थापित हुने विश्वास व्यक्त गरेका थिए।

कार्यक्रमको समापनमा जनज्योति क्याम्पसबाट उत्पादित युवाशक्तिले समाज, राष्ट्र तथा विश्वमा सकारात्मक योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै विदाईलाई अन्त्य नभई नयाँ यात्राको सुरुवातका रूपमा लिन आग्रह गरिएको थियो।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४